बैठक नं. ११०

आज मितिः२०७८।१०।०३ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |
| २३ | बासुदेव खनाल | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७८।१०।०३

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. कोभिड-१९को तेस्रो भेरियन्टसको नियन्त्रण सम्बन्धमा।
२. मौसमी कामदारहरु कोरिया पठाउन पूर्व स्वीकृती लिने सम्बन्धमा।
३. आ.व.०७८।७९ को अर्धवार्षिक समिक्षा सम्बन्धमा।
४. विविध

## निर्णयहरुः-

### निर्णय नं. १

कोभिड-१९ को संक्रमणका कारण मानवीय क्षती हुनका साथै विषम परिस्थितीको सिर्जना हुनसक्ने देखिएकोले उक्त कोभिड-१९ को सम्भावित संक्रमण नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट मिति २०७८।०९।२९ गते भएको जारी आदेश अनुसार जिल्ला प्रशासन कार्यालयको अर्को निर्णय नभएसम्मको लागि तपसिलका कार्यहरु नगर्न नगराउन निर्णय भएकोले सोही अनुसार व्यवस्था मिलाउन सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दै सार्वजनिक सूचना जारी गर्ने।

तपसिल

१. घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्ने गराउने।
२. राजनीतिक, प्रशासनिक, सामाजिक एवम सांस्कृतिक तथा भिडभाड हुने प्रकृतिका कार्यक्रम नगर्ने नगराउने।
३. कृषि उपज खरिद बिक्रि बाहेकका हाट बजारहरु नलगाउने।
४. लक्षण देखिएका वा साधरण लक्षण देखिएका बिरामीको हकमा होम आइशोलेसनलाई प्राथमिकता दिने।
५. खोप लगाउन बाँकी रहेका व्यक्तिले नजिकको खोप केन्द्रमा गई खोप लगाउने।

### निर्णय नं. २

यस बाणगङ्गा नगरपालिकाबाट करीव ५ महिनाको लागि कोरियाको Hong Cheon County मा कृषि कामदारको रुपमा काम गर्नको लागि मौसमी कामदारको रुपमा ५०० किसानहरुलाई नेपाल कोरियन कल्चर सेन्टरबीच भएको अन्तर्क्रिया तथा छलफलबाट कोरियाको Hong Cheon County र यस कार्यालय बिच प्रारम्भिक समझदारी (MOU) कार्यको लागि प्रारम्भिक समझदारी पत्रमा भएका शर्तहरु समेत संलग्न राखी स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने।

### निर्णय नं. ३

यस बाणङ्गा नगरपालिकाको आ.व.०७८।७९ को पुष मसान्त सम्म यस कार्यालय र अन्तर्गत सम्पादन तथा सम्पन्न भएका योजना तथा कार्यक्रम एवं अन्य गतिविधिहरु सहितको अर्धवार्षिक समीक्षा मितिः२०७८।१०।०३ गते हुने दशौं नगरसभाको प्रथम बैठकमा प्रस्तुत गर्न नगरसभामा सिफारिस गर्ने।

### निर्णय नं. ४ (विविध)

- यस क्षेत्रमा दिनानुदिन बढ्दै गईरहेको शीतलहर र यसबाट हुनसक्ने सम्भावित जोखिमलाई मध्येनजर गर्दै आर्थिक वर्ष ०७८।७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडाले जाडोयामको राहतको लागि प्रस्तावित कार्यक्रमहरु तत्काल सम्पन्न गरी सबै नागरिकको जिऊ ज्यान सुरक्षित हुनेगरी सम्पन्न गर्न र सम्बन्धित वडाका सामुदायिक वनहरुसंग समन्वय गर्दै सबै वडाका सबै टोल र समुदायको चोक चोकमा दाउरा बाल्ने व्यवस्था गर्न सहकार्य समेत गर्ने।